# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, फागुन ०६ गते, २०७७ साल (सङ्ख्या २९

## भाग ३

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**वनपैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०७७**

**प्रस्तावना**: प्रदेशभित्र वनपैदावारमा आधारित उद्योगको स्थापना, विकास र प्रवर्द्धनका लागि वनपैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड समयानुकूल कायम गर्न आवश्यक भएकोले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४६ को अधिकार प्रयोग गरी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस मापदण्डको नाम "वनपैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "उद्योग र राष्ट्रिय वन बिचको दुरी" भन्नाले उद्योग र सबै भन्दा नजिक पर्ने राष्ट्रिय वनको बाहिरी सीमाना बिचको सिधा दुरीलाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "पावर चेन सः" भन्नाले विद्युत वा अन्य इन्धनको प्रयोग हुने स्वःचालित रुख काट्ने आरा वा सोही प्रकारका औजार तथा उपकरण सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ङ) "राष्ट्रिय वन" भन्नाले प्रदेशभित्र रहेका सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, साझेदारी वन र सरकारद्वारा व्यवस्थित वन समेतलाई सम्झनु पर्छ।

(च) "वनपैदावारमा आधारित उद्योग" भन्नाले सःमिल, उड सिजनिङ प्लाण्ट, उड ट्रिटमेन्ट प्लाण्ट वा फर्निचर, भेनियर, प्लाइउड, कत्था, रोजिन एण्ड टर्पेन्टाइन, सालसिड तेल, जडीबुटी (हर्बल प्रोडक्ट), पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ, हाते कागज, अल्लोका बस्तु

उत्पादन गर्ने लगायत काठ, जडीबुटी वा अन्य वनपैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगलाई सम्झनु पर्छ।

३. **उद्योग र राष्ट्रिय वन बिचको दुरी**ः वनपैदावारमा आधारित उद्योग स्थापना गर्दा उद्योग र राष्ट्रिय वन बिचमा देहाय बमोजिम दुरी कायम गरिएको छः-

| सि.नं. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मी.) | |
|---|---|---|---|
| | | उच्च एवम् मध्य पहाडी क्षेत्र | चुरे, भित्री मधेश तथा तराई क्षेत्र |
| १ | फर्निचर | | |
| १.१ | १८ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.१० | ०.२५ |
| १.२ | १८ इन्चदेखि ३५ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.२५ | ०.५ |
| १.३ | ३६ इन्च तथा सोभन्दा बढी साइजको आरा प्रयोग हुने सबै खाले उद्योग (सः मिल समेत) | ०.७५ | १.५ |
| २ | उड सिजनिङ प्लाण्ट, उड ट्रिटमेन्ट प्लाण्ट, भेनियर तथा प्लाईउड, पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ उद्योग | ०.५ | १.५ |
| ३ | दाउरा तथा काठ र यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग | ०.५ | १.५ |

| | | | |
|---|---|---|---|
| ४ | कत्था तथा रोजिन एण्ड टर्पेन्टाइन उद्योग | ०.५ | १.५ |
| ५ | सालसिड तेल, जडीबुटी (हर्बल प्रोडक्ट), हाते कागज, अल्लोका बस्तु उत्पादन गर्ने उद्योग लगायत काठ, जडीबुटी वा अन्य वनपैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग | ०.५ | १.५ |

४. **<u>दुरी लागू नहुने</u>**ः यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम वन पैदावारमा आधारित उद्योगको हकमा यो मापदण्ड अनुसारको दुरी लागू हुने छैनः-

(क) सामुदायिक वन वा साझेदारी वनको सिमाना बाहिर सञ्चालन हुने उद्योग,

(ख) औद्योगिक क्षेत्र वा उद्योग ग्राम भित्र सञ्चालन हुने उद्योग,

(ग) सामुदायिक वन उपभोक्ता समूह आफैंले वा समूहले निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन हुने उद्योग,

(घ) डिभिजन वन कार्यालयको स्वीकृति र सब-डिभिजन वन कार्यालयको प्रत्यक्ष निगरानीमा सामुदायिक वन समूहले वन क्षेत्रभित्र वा बाहिर सञ्चालन गर्ने पोर्टेवल सः मिल,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहने गरी सञ्चालन हुने उद्योग ।

५. **<u>जडीबुटी प्रशोधन प्लाण्ट सम्बन्धी व्यवस्था</u>**ः कार्य योजनामा व्यवस्था भए बमोजिम सामुदायिक वन उपभोक्ता समूह वा

गरिबमुखी कबुलियती वन समूहले आफै वा निजी क्षेत्रसँगको साझेदारीमा आफ्नो सामुदायिक वन वा कबुलियती वनभित्रको खाली जग्गामा जडीबुटी प्रशोधन प्लाण्ट स्थापना र सञ्चालन गर्न सक्नेछ।

६. **पावर चेन सः दर्ता गर्नु पर्नेः** (१) कुनै सामुदायिक वन समूहले पावर चेन सः प्रयोग गरी वन व्यवस्थापन गर्नु परेमा डिभिजन वन कार्यालयमा पावर चेन सः दर्ता गराउनु पर्नेछ।

(२) यो मापदण्ड कार्यान्वयन हुनु भन्दा अघि प्रयोगमा आएका पावर चेन सः समेत यो मापदण्ड लागू भएको एक महिनाभित्र अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ।

(३) दर्ता नगरी पावर चेन सः प्रयोग गरेमा डिभिजन वन कार्यालयले जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

७. **जानकारी गराउनु पर्नेः** वनपैदावारमा आधारित उद्योग सञ्चालन गर्दा सम्बन्धित उद्योगमा प्रयोग हुने कच्चा पदार्थको स्रोत सुनिश्चितता र स्रोत प्राप्तिको जानकारी सम्बन्धित उद्योगले डिभिजन वन कार्यालय वा मातहतको नजिकको वन कार्यालयलाई अर्धवार्षिक रुपमा गराउनु पर्नेछ।

८. **अनुगमन तथा निरीक्षणः** माथि उलिल्खित उद्योगको सम्बन्धित डिभिजन वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयले प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा बुझाउनु पर्नेछ।

९. <u>बाधा अड्काउ फुकाउने</u>ः यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले यस मापदण्डको अधीनमा रही बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न गराउन सक्नेछ।

**आज्ञाले,**
**डा. सिन्धु प्रसाद ढुंगाना**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-